आज मिति २०७७/२/१७ गते शनिबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

## निर्णयहरु

### निर्णय नं. १

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन व्यवस्थापन सम्वन्धमा आवश्यक देहाय बमोजिमका कार्यहरु तत्काल गर्ने निर्णय गरियो ।

देहाय

१. पालिकाको केन्द्रमा अस्थायी प्रकृतिको क्वारेन्टाइन भवन स्थापना गर्ने ।

२. क्वारेन्टाइन व्यवस्थापनमा आवश्यकतानुसार स्वयंसेवक खटाउने ।

३. प्रत्येक क्वारेन्टाइनमा एक/एक जना फोकल व्यक्ति तोक्ने ।

४. आधारभूत आवश्यकता पूरा गर्न उपलब्ध सामग्रीको व्यवस्थापन गर्ने ।

फोकल व्यक्तिको लागि पालिकाको केन्द्रमा रहेको क्वारेन्टाइनका लागि प्रशासन सहायक पाँचौ श्री भद्र बहादुर शाही, खलंगामा रहेको क्वारेन्टाइनका लागि पशु स्वास्थ्य अधिकृत छैठौ श्री दल बहादुर बाँठा, वीरेन्द्र मावि क्वारेन्टाइनमा प्रशासन सहायक श्री ऐन बहादुर शाही र स्यापीमा रहेको क्वारेन्टाइनका लागि श्री शिक्षक श्री गोपाल पुनलाई तोक्ने निर्णय गरियो ।

### निर्णय नं. २

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थापना गरिएका हेल्थ डेस्कमा खाना/खाजा खर्च मासिक रुपमा दिनुपर्ने गरी व्यवस्थापन सम्झौता गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

यस गाउँपालिका अन्तर्गतका सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागि आवश्यक तथ्यांकहरु संकलन तथा अद्यावधिक गर्न प्रत्येक वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

### निर्णय नं. ४

यस शिवालय गाउँपालिकामा स्थापना गरिएका क्वारेन्टाइनमा बसेका मानिसहरुको स्वास्थ्य परीक्षणका लागि आवश्यक मात्रामा VTM तथा RDT किट खरिद गर्ने निर्णय गरियो ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

### निर्णय नं. ५

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकाबाट रोजगारीको सिलसिलामा भारत तथा तेस्रो मुलुकबाट हालसम्म करिब ५०० मानिसहरु आइसकेको र यसको प्रक्षेपित संख्या करिब १५०० भन्दा बढी हुने आंकलन गरिएकाले उनीहरुलाई गाउँपालिकाद्वारा स्थापित विभिन्न क्वारेन्टाइनहरुमा व्यवस्थापन गर्न गाउँपालिका आफैलाई कठिन हुने भएकोले सो को व्यवस्थापनका लागि नपुग रकम कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुर्खेतमा रकम माग गर्ने निर्णय गरियो ।

### निर्णय नं. ६

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएका खरिद तथा व्यवस्थापन कार्यको भुक्तानी आवश्यकता र औचित्यताका आधारमा कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण कोषबाट दिने निर्णय गरियो ।

### निर्णय नं. ७

यस शिवालय गाउँ कार्यपालिकाको कार्यालयद्वारा कार्यान्वयन गरिने चालु तथा आगामी आ.व.मा कार्यान्वयन गरिने देहायका आयोजनाहरुको सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही निर्माण/खरिद कार्य गर्ने निर्णय गरियो ।

१. थाला टुनी रोकायजाँत सडक (पुर्नबोलपत्र), शिवालय ६

२. टाटा तिमिलेपाखा थाला सडक, शिवालय ४

३. गाउँपालिकाको भवन निर्माण

४. वडा कार्यालय भवन, शिवालय ५

५. वडा कार्यालय भवन, शिवालय ६

६. हेवी इक्विपमेन्ट (थान १) खरिद ।

७. मोटरसाइकल (थान ६) खरिद ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ८

शिवालय गाउँपालिकाद्वारा कार्यान्वयन गरिने ठूला साना सबै प्रकृतिका आयोजनामा आवश्यक सिमेन्ट, सरिया, इट्टा लगायतका आधारभूत सामग्रीहरुको अभाव भइरहेको सन्दर्भमा उक्त सामग्रीहरु व्यवस्थापनका लागि लागि तत्तत् वडाबाट समन्वय गरिदिने निर्णय गरियो ।

## निर्णय नं. ९

शिवालय गाउँपालिका वडा नं. २ स्थित वडा कार्यालय भवन निर्माण स्थलमा पानीको अभाव भएकोले उक्त स्थानमा प्राविधिक लागत अनुमानका आधारमा खानेपानी योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै चित्रे टोल खानेपानी निर्माणका लागि समेत प्राविधिक लागत अनुमानका आधारमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

शिवालय गाउँपालिका वडा नं. २ निवासी श्री मनिराम जैसी भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर रोगको उपचार गराइरहेकोले निजको उपचार सहयोगार्थ यस गाउँपालिकाको तर्फबाट रु. ६५,००० आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

यस गाउँपालिकामा गठित कृषि विकास समितिको मिति २०७७/०२/१७ तथा बहुक्षेत्रीयपोषण निर्देशक समितिको २०७७/०२/१७ को बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

शिवालय गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रदान गरिने सेवा प्रवाहलाई सरल र सहज बनाउनका लागि यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थित रहदा/विदामा बस्दाको अवस्थामा समेत सार्वजनिक सेवा प्रवाहमा कुनै बाधा नपर्ने गरी यसै गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्रशासन अधिकृत छैठौं श्री अनिल कुमार पाण्डेलाई सम्पूर्ण आर्थिक तथा प्रशासनिक अधिकार प्रयोग गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १३

यस गाउँपालिकामा कार्यान्वयन गरिने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत देहायका आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो । साथै श्रम तथा रोजगार मन्त्रालयबाट १०० दिनको रोजगारी दिने भनिए तापनि कोभिड १९ को कारणले २० दिन मात्र रोजगारी दिने गरि कार्यसञ्चालन गर्ने निर्णय गरियो ।

| आयोजनाको नाम | विनियोजित रकम |
|---|---|
| मोके बजारदेखि नेरा माविसम्म घोरेटो बाटो निर्माण, शिवालय १ | १० लाख |
| भुतेपोखा सडक स्तरोन्नती, शिवालय २ | १० लाख |
| रिठ्ठा ताङ्ग्रा सडक स्तरोन्नती, शिवालय ३ | १० लाख |
| रिठ्ठा टाटा सडक स्तरोन्नती, शिवालय ४ | १० लाख |
| बडाखोला टोल तटबन्ध निर्माण, शिवालय ५ | १० लाख |
| थाला कचाली सडक स्तरोन्नती, शिवालय ६ | १० लाख |
| वालुवा बडाँकाँडा सडक स्तरोन्नती, शिवालय ९ | १० लाख |

## निर्णय नं. १४

यस गाउँपालिकामा कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कल्यान भिउँस सडक स्तरोन्नती शिवालय ७, जाजरकोट आयोजना छनौट भई आएकोमा कोभिड १९ को कारण एउटै आयोजनाको लागि श्रमिकको व्यवस्थापन तथा समय अभावका कारण योजना सम्पन्न गर्न कठिनाई हुने भएकोले देहाय बमोजिमका आयोजनाहरु कार्यान्वयन गर्ने गरी कार्यक्रम संशोधन गरिदिनहुन मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेशमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

| मुख्यमन्त्री रोजगार कार्यक्रम | रकम |
|---|---|
| ठाँटि चिउँदुवा सडक स्तरोन्नती, शिवालय ५ | १५ लाख |
| कल्यान भिउँस सडक स्तरोन्नती, शिवालय ७ | २० लाख |
| सिमा राख्मा सडक स्तरोन्नती, शिवालय ३ | १५ लाख |
| मैलतडा लिस्पानि सडक स्तरोन्नती, शिवालय ८ | १५ लाख |

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १५

यस गाउँपालिकाका विभिन्न वडा तथा बस्तिहरुमा लगाइएको मकै लगायतको अन्न बालिमा अमेरिकी फौजी किराको प्रकोप बढ्न गई त्यस्तो अन्नबाली नष्ट हुने क्रम बढेकोले त्यसको रोकथाम तथा नियन्त्रणका रु.२,५०,००० को कोष स्थापना गर्ने र सो रकम समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो । औषधि छर्किनका लागि कृषि विकास शाखाबाट स्वयंसेवक करार गरी सम्झौताका आधारमा भत्ता उपलब्ध गराउने निर्णय समेत गरियो ।

## निर्णय नं. १६

शिवालय गाउँपालिकाको प्रस्तावित गाउँपालिका भवन निर्माण कार्य अघि बढाउनुपूर्व अनिवार्यरुपमा उक्त स्थानको माटो परीक्षण गर्नुपर्ने भएकोले सो को लागि तत्काल परामर्श सेवाद्वारा माटो परीक्षण कार्य अघि बढाउने निर्णय गरियो ।

## निर्णय नं. १७

जिल्ला प्रशासन कार्यालय जाजरकोटले जनचेतना अभिवृद्धिसम्बन्धी प्रचारप्रसारका लागि यस गाउँपालिकामा चलाएको अभियानका लागि समपुरक कोषबाट रु.१,००,००० भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. १८

यस गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित आ.व. २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रममा राखिएका विभिन्न योजना तथा कार्यक्रमको पेश्कि फछ्र्यौटका लागि जनप्रतिनिधि, कर्मचारी उपभोक्ता सबैले पहल गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid 19) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले लागु गरेको बन्दाबन्दी (Lockdown) का कारण उत्पन्न असहज परिस्थितिमा यस शिवालय गाउँपालिकालाई सहयोग गर्नुहुने सहयोगि हातहरुप्रति हार्दिक आभार व्यक्त गर्ने र कदर पत्र प्रदान गर्ने निर्णय गरियो ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. २०

यस गाउँपालिकाको छैठौ गाउँसभा आगामी असार ७ गते आईतबारका दिन आह्वान गर्ने निर्णय गरियो । उक्त सभामा आगामी आ.व.को अनुमानित आय व्ययका साथै चालु आ.व.को संशोधित कार्यक्रम तथा बजेट समेत पेश गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७७/२/१७ मा बसेको छयालिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत